आज मिति २०८३ साल असोज महिना २१ गते बुधबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८३/०८४ को नगर कार्यपालिकाको छैठौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री दधिराज सुवेदी	अध्यक्ष	प्रमुख
श्री शारदा खनाल	सदस्य	उप-प्रमुख
श्री दिपक आले	सदस्य	वडा अध्यक्ष १
श्री दिनेश कुमार थापा	सदस्य	वडा अध्यक्ष २
श्री पदमराज सेन ठकुरी	सदस्य	वडा अध्यक्ष ३
श्री ओमदत्त थापा	सदस्य	का. वडा अध्यक्ष ४
श्री पदम बहादुर थापा	सदस्य	वडा अध्यक्ष ५
श्री श्याम सुन्दर जोशी	सदस्य	वडा अध्यक्ष ६
श्री प्रकाश श्रेष्ठ	सदस्य	वडा अध्यक्ष ७
श्री अण बहादुर शाही	सदस्य	वडा अध्यक्ष ८
श्री रन बहादुर थापा	सदस्य	वडा अध्यक्ष ९
श्री स्यानी माया थापा	सदस्य	कार्यपालिका सदस्य
श्री उमा कुमाल	सदस्य	कार्यपालिका सदस्य
श्री इन्दिरा खडका थापा	सदस्य	कार्यपालिका सदस्य
श्री दमन्ती कुमारी शाही	सदस्य	कार्यपालिका सदस्य
श्री ओम कुमारी थापा	सदस्य	कार्यपालिका सदस्य
श्री विर बहादुर वस्याल	सदस्य	कार्यपालिका सदस्य
श्री सन्दिप नगर्ची	सदस्य	कार्यपालिका सदस्य
श्री संगिता विक	सदस्य	कार्यपालिका सदस्य
श्री शोभाखर पोखरेल	सदस्य सचिव	प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित उपस्थिति

श्री सन्दिप पौडेल		उप-सचिव
श्री दिनेश कुमार तिम्मसिना		लेखा अधिकृत
श्री सुर्य प्रसाद पौडेल		प्रशासकिय अधिकृत

श्री हरि पराजुली
श्री भेष बहादुर जि.टी.

इन्जिनियर
प्रशासकीय अधिकृत

आर्थिक वर्ष २०८३/०८४ को छैठौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु:

मितिः (२०८३/०६/२१)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. गत आ.ब. २०८२।०८३ भुक्तानी बाँकी रहेका योजनाहरुको सम्बन्धमा,
३. निजी जग्गा उत्खनन् सम्बन्धमा,
४. घाट ठेक्का सम्बन्धमा,
५. विविध

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०६/१६ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८३।०८४ को पाँचौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आर्थिक वर्षमा सञ्चालन भएका तर विविध कारणबाट सम्पन्न हुन नसकेका योजनाहरुको भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको निम्न बमोजिमको शीर्षकवाट प्राविधिक मूल्याङ्कन बमोजिम अनुसारको रकम भुक्तानि गर्ने ।

तपसिल

क्र.स.	योजनाको नाम	ठेगाना	प्रविधिक मूल्याङ्कन अनुसार रकम रु	कैफियत
१	पाथर्दी होमस्टे सडक स्तरोन्नति योजना	९	५,५६९७६।-	सि.नं.१११नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट
२	फलामे डस्टविन निर्माण योजना	२	१,९५,०००।-	
३	चुहानडाँडादेखि नरिकोटसम्म अधुरो ढलान र गोरेटो बाटो निर्माण	४	३,९०,०००।-	
४	नरकटे चिसापानी कृषि मोटर मार्ग स्तरोन्नती योजना	५	१,९५,०००।-	
५	मातृशिशु कल्याण आमा समूह		२५,०००।	विविध

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ५ बस्ने हस्तविर थापाको छोरा गुम बहादुर थापाको नाममा जग्गा धनी पुर्जा दर्ता कायम रहेको ऐ. ऐ. मा अवस्थित नक्सा नं

१/छ कित्ता नं १२९ क्षेत्रफल २१-१५-२-१ को जग्गामा आफ्नै निजी जग्गाको ढुङ्गा, गिट्टी चोकर उत्खनन् संकलन तथा ओसार पोसार गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको लागि प्रस्तावक जग्गा धनी गुम बहादुर थापाले पेश गरेको कार्यगत सर्त (TOR) स्वीकृत गरी नगरपालिकाले सूचिकृत गरेको परामर्शदातावाट प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी प्रक्रिया अगाडी बढाउन अनुमति प्रदान गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद वडा नं. ५ मा पर्ने गेरुवा (तल्लो र माथिल्लो) घाट, दब्ल्याङ, झक्कास, बादरकुना, वडा नं. ८ मा पर्ने कसेनी घाट र वडा नं. ७ स्थित सिस्नेरी घाटको आ.ब. २०८२।२०८३ मा स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) बमोजिमको परिमाण रहे नरहेको भने विषयमा घाट अनुगमन समितलाई स्थलगत अनुगमन गरी प्राप्त हुने प्राविधिक प्रतिवेदनको आधारमा उक्त घाटहरुमा ठेक्का लगाउने ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सामुदायिक विद्यालयमा विद्यालय शिक्षक छनोट कार्यविधि आवश्यक भएकाले सो सम्बन्धमा सामुदायिक विद्यालयमा विद्यालय कर्मचारी छनोट कार्यविधि २०८३ निर्माण गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमती दिने ।

निर्णय नं. ६

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व. २०८३।०८४ को स्वीकृत नगर विकास योजनामा समावेश भएको शिक्षातर्फको क्र.सं. ३४ विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामग्री व्यवस्थापन (नगर प्रमुख स्तरबाट खर्च गर्ने गरी) शीर्षकबाट खर्च लेख्ने गरी तपसिलका विद्यालयहरूले लागत अनुमान तथा वडा कार्यालयको सिफारिस सहित माग गरेका निम्न कार्यक्रम कार्यान्वयन गरी तपसिल बमोजिमको लागत अनुमान तयार गरी रकम निकासा दिने भनी नगर शिक्षा समितिले गरेको निर्णयलाई अनुमोदन गर्ने ।

तपसिल

क्र. सं.	विद्यालयको नाम	ठेगाना	लागत अनुमान रकम रु	कैफियत
१	बालशैक्षणिक मा. वि.	भिमाद ३	१२६,१४४	छाना मर्मत
२	सिद्धज्योति आ वि	भिमाद ७	५८,६३०	शौचालय त्रिकोष तथा ढोका

निर्णय नं. ७

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय नागरिकहरूलाई थप सहज र भरपर्दो स्वास्थ्य उपचार सेवा प्रदान गर्नका लागि भिमाद वडा नं. १ डुम्रेबेशी स्थित आधारभूत स्वास्थ्य सेवा विस्तार गरी सेवा सुचारु गरिएकोमा उक्त स्वास्थ्य केन्द्रको नामकरण **" डुम्रेबेशी आधारभूत स्वास्थ्य सेवा केन्द्र"** गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. १ देखि ९ सम्मका वडा समितिबाट निर्णय गरि दशै बाटो सरसफाईको लागि विनियोजित गरिएको बजेट प्राविधिक लागत अनुमान तयार गरी सबै (१ देखी ९) वडाहरुको मोटरबाटो सरसफाईको लागि दर भाउ पेश गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ९

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको तपसिल बमोजिमको योजना भिमाद नगरपालिकाको विभिन्न वडाहरुको सिफारिसमा योजनाको नाम हाललाई संशोधन गरी कार्य प्रक्रिया अगाडी बढाई अगामी नगर सभाबाट अनुमोदन गर्ने।

तपसिल

क्र. स	योजनाको नाम	विनियोजित रकम रु	वडा नं.	सि.नं.	संशोधन पछि योजनाको नाम
१	गड्डाबार पानीटंकी निर्माण योजना	१,५०,०००	७	२३	गड्डाबार खानेपानी कुवा मर्मत योजना
२	लक्ष्मी आमा समूह अधुरो भवन निर्माण योजना	१,००,०००	७	४	लक्ष्मी आमा समूह अधुरो भवन र शौभालय निर्माण योजना
३	सिस्नेरी क्रियापुत्री भवन मर्मत योजना	१,००,०००	७	१७	सिस्नेरी क्रियापुत्री भवन निर्माण योजना
४	कृषि उपज संकलन केन्द्र निर्माण.योजना	२,००,०००	२	२७	हाते टयाक्टर वितरण (५०% अनुदानमा) कार्यक्रम

निर्णय नं. १०

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साविक भानुमति गा.वि.स. वडा नं. ९, हाल परिवर्तन भई भिमाद नगरपालिका वडा नं. ८ बस्ने देवाराज शाहीकी बुहारी तथा थमबहादुर शाहीकी श्रीमती लिलामाया शाहीको नाममा दर्ता स्रेस्ता कायम रहेको साविक भानुमती गा.वि.स. नक्सा नं. ९/ख, कित्ता नं. १२७ (क्षेत्रफल ४-४-०-०-२१) को बारीमा डोजर प्रयोग गरी गह्रा सुधार गर्न अनुमतिका लागि वडा नं. ८ कार्यालयको मिति २०८३/०६/२१ गतेल च.नं. १५० मार्फत प्रस्ताव प्राप्त भएकोमा **"भिमाद नगरपालिका निजी जग्गामा ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन तथा संकलनसम्बन्धी कार्यविधि,**

२०७९" को व्यवस्था अनुसार प्राविधिक प्रतिवेदन तयार गर्न लगाई सोही प्रतिवेदनका आधारमा नियमअनुसार आवश्यक प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. ११

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा कार्यालयको सिफारिस अनुसार खानेपानि तथा उपभोक्ता समितिहरुले दिएको निवेदनहरु माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको तपसिल शीर्षकवाट रकम विनियोजन गरि तथा भूक्तानी गर्ने ।

क.सं.	नाम	ठेगाना	रकम माग गर्नुपर्ने कारण	प्राविधिक लागत अनुमान/प्रस्तावता भए/नभएको	विनियोजित/भूक्तानी रकम	शिर्षक नं. र नाम
१.	छुमुर्दी टेके लहरे खानेपानी योजना	भिमाद-२	मर्मत सम्भारको लागि	भएको	३३,०००।-	सि.न. १८ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च सडक बत्ती सिसि क्यामेरा मर्मत समेत
२.	सिम्लेफाँट खानेपानी तथा सरसफाई उपभोक्ता	भिमाद-८	मर्मत सम्भारको लागि	भएको	५०,०००।-	
३.	रजिडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता सस्था	भिमाद-४	मर्मत सम्भारको लागि	भएको	३००,०००।-	
४.	मुस्लिम मिया गाउको लागि खानेपानी मर्मत	भिमाद-१	मर्मत सम्भारको लागि	भएको	२०,०००।-	

निर्णय नं. १२

प्रस्ताव नं.५ माथि छलफल गर्दा साविक अरुणोदय गा.वि.स. वडा नं. ३, हाल भिमाद नगरपालिका वडा नं. २ स्थित कोटवाराही टोलको मिर्दी भिमाद राजमार्गअन्तर्गत हरिनाश गाउँपालिका र भिमाद नगरपालिकाको सिमाक्षेत्रमा पर्ने वासवानी भन्ने स्थानको माथिल्लो भेगबाट पहिरो खसी झरेको ढुङ्गा व्यवस्थापन गर्न वडा नं. २ कार्यालयको मिति२०८३/०६/१२गते,च.नं. ३३० मार्फत सिफारिससहित प्रस्ताव पेस हुन आएकोमा उक्त पहिरो गएको स्थानमा निस्किएका निर्माणजन्य सामग्रीहरूको उत्खनन गराई प्रति एकाई परिमाणमा **भिमाद नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०** को प्रावधान बमोजिम खुला सूचना मार्फत लिलाम बढाबढ प्रक्रियामार्फत उक्त ढुङ्गा बिक्री वितरण तथा व्यवस्थापन गर्ने ।

निर्णय नं. १३

प्रस्ताव नं.५ **माथी छलफल गर्दा** भिमाद नगरपालिका वडा नं. ५ स्थित बुढुवा टोल, जैथुम्कामा निर्माणधिन खेलमैदान निर्माणको क्रममा निस्किएका निर्माणजन्य सामग्रीहरू नगरपालिकाद्वारा व्यवस्थापन गरिदिन वडा कार्यालयको मिति २०८३/०६/२० गते, च.नं. २२१ मार्फत पेस हुन आएको प्रस्तावमाथि विस्तृत छलफल गर्दा उक्त खेलमैदान निर्माणका क्रममा निस्किएका निर्माणजन्य सामग्रीहरूको उत्खनन गराई प्रति एकाई प्ररिमाणमा **भिमाद नगरपालिकाको सार्वजनिक खरिद**

नियमावली २०८० बमोजिम लिलाम बढाबढ मार्फत बिक्री गरी प्राप्त हुने रकम नगरपालिकाको आन्तरिक आम्दानी खातामा दाखिला गर्ने ।

निर्णय नं. १४

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विभिन्न संघ संस्थाहरुले कार्यक्रम संचालनको लागि आर्थिक प्रस्ताव सहित दिएको निवेदनहरु माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको तपसिल शीर्षकवाट रकम विनियोजन गरि तथा भूक्तानी गर्ने ।

तपसिल

क. स.	संघ संस्थाहरुको नाम	ठेगना	भुक्तानीको लागि सिफारिस गरिएको रकम रु	शिर्षक नं. र नाम
१	श्री मदर्शा गौसिया आधारभूत विद्यालय	भिमाद १	५०,०००।-	सि.न. ११५ कार्यक्रम खर्च
२	भिमाद मुस्लिम समाज	भिमाद ६	३०,०००।-	
३	नेपाल आदिवासी जनजाती माहासंघ	भिमाद	७५,०००।-	
४	भिष्म नेवार समाज	भिमाद ६	५०,०००।-	
५	कृष्ण बहादुर गहतराज	भिमाद	२०,०००।	सर्प उद्धार कार्यका लागि आवश्यक सुरक्षा समाग्री

निर्णय नं. १५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिकाको विकास प्रक्रिया, स्रोत विनियोजन र सेवा प्रवाहलाई समतामूलक, उत्तरदायी, पारदर्शी र समावेशी बनाउन वर्तमान अवस्था मापन, समस्या तथा चुनौती पहिचान र सुधारका प्राथमिकता निर्धारण गरी GESI परीक्षणबाट प्राप्त तथ्य र निष्कर्षलाई आधार बनाई नगरपालिकाका लागि व्यवहारिक, कार्यान्वयन योग्य र मापन गर्न सकिने रणनीति तथा कार्ययोजना तयार गर्न सम्बन्धित शाखालाई अनुमति प्रदान गर्ने ।

निर्णय नं. १६

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साविक माझकोट गा.वि.स वडा नं. ४ हाल भिमाद नगरपालिका वडा नं. ४ निवासी श्री बुद्धि बहादुर कामीको छोरा जित बहादुर वि कले परम्परागत पेशा आरानको कार्य गदै आएको भनि वडा कार्यालयको सिफारिस पत्र सहित निवेदन पेश गर्नु भएको हुँदा उहाँको पेशा व्यवसायको प्रवद्धन गर्नको लागि भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको सामाजिक विकास शाखा अन्तर्गतको सि.न.२७ परम्परागत पेशा व्यवसाय प्रबर्द्धन कार्यक्रम शिर्षक वाट भुक्तानी हुने गरी ४,५०० (चार हजार पाँच सय) आर्थिक सहयोग गर्ने ।

निर्णय नं. १७

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा कार्यालयको सिफारिस साथ पाइप माग गरि निवेदन पेश भ
तपसिल बमोजिमका खानेपानी योजना तथा उपभोक्ता समितिहरुलाई भिमाद नगरपालिकाको आ
वर्ष २०८३/०८४ को स्वीकृत नगर विकास योजनाको अन्य खानेपानी योजनाहरु (पाईप खरिद
वितरण) सि.न. ९४ शिर्षकबाट भुक्तानी हुने गरी माग भए बमोजिम पाईप उपलब्ध गराउने ।

तपसिल

क.सं.	खानेपानी तथा सिचाइको लागि पाइप माग गर्नेहरुको विवरण	वडा नं.	प्राविधिक लागत अनुमान /प्रस्तावना भए/नभएको	सामानको विवरण
१	आनन्द देव श्रेष्ठ	५	भएको	२० mm को ४०० मिटर र १ को २०० मिटर पोलिथिन पाइप
२	शेर बहादुर थापा	५	भएको	१४० mm को १२ मिटर पोलि पाइप
३	धन बहादुर सुब्बा	५	भएको	२५ mm को ३५० मिटर पोलि पाइप
४	शंकर माध्यमिक विद्यालय	१	भएको	२० mm को २५० मिटर पोलि पाइप